आ.व. २०८१/०८२

बैठक संख्या १०

आज मिति २०८१/११/०५ गते सोमवारका दिन दिँउसो १:०० बजे यस रामपुर नगर कार्यपालिकाको दशौ कार्यपालिका बैठक नगर प्रमुख श्री रमण बहादुर थापाज्यूको अध्यक्षतामा देहाय बमोजिमको उपस्थितिमा तपसिल अनुसारको निर्णय गरियो।

| क्र.सं. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री रमण वहादुर थापा | नगर प्रमुख | |
| २ | श्री बाल कुमारी थापा | नगर उपप्रमुख | |
| ३ | श्री कपिल बहादुर खाँण | वडाध्यक्ष | |
| ४ | श्री कृष्ण बहादुर दर्जी | वडाध्यक्ष | |
| ५ | श्री दामोदर पाठक | वडाध्यक्ष | |
| ६ | श्री राम बहादुर राना | वडाध्यक्ष | |
| ७ | श्री दुर्गा प्रसाद पोखेल | वडाध्यक्ष | |
| ८ | श्री दिवाकर देवकोटा | वडाध्यक्ष | |
| ९ | श्री दोवराज तिवारी | वडाध्यक्ष | |
| १० | श्री दिनेश आचार्य | वडाध्यक्ष | |
| ११ | श्री डिल वहादुर राना | वडाध्यक्ष | |
| १२ | श्री तोयानाथ सारु थापा | वडाध्यक्ष | |
| १३ | श्री देवका पोखेल | कार्यपालिका सदस्य | |
| १४ | श्री सीमा देवि थापा | कार्यपालिका सदस्य | |
| १५ | श्री माया देवी नेपाली | कार्यपालिका सदस्य | |
| १६ | श्री शारदा आचार्य | कार्यपालिका सदस्य | |
| १७ | श्री दुर्गा देवी भण्डारी गौतम | कार्यपालिका सदस्य | |
| १८ | श्री गोपाल कुमाल | कार्यपालिका सदस्य | |
| १९ | श्री यम बहादुर भुजेल घर्ती | कार्यपालिका सदस्य | |
| २० | श्री भविश्वर कुमाल | कार्यपालिका सदस्य | |
| २१ | श्री सुर्य दर्शन पण्डित | सदस्य सचिव | |

CamScanner

## रामपुर नगरपालिकाको आ.व. २०८१/०८२ को दशौ कार्यपालिकाको बैठकका

### प्रस्तावहरु

१. अघिल्लो कार्यपालिका बैठकको समिक्षा ।

२. समपूरक तथा विशेष अनुदान सम्बन्धी योजना छनौट सम्बन्धमा ।

३. मगर दिवस सम्बन्धमा ।

४. विविध

### निर्णयहरु

१. निर्णय नं.१, प्रस्ताव नं. १ माथि छलफल गर्दा मिति २०८१/१०/१३ गते बसेको ९ औ कार्यपालिका बैठकको समिक्षा तपसिल बमोजिम गरियो ।

१.निर्भाना अल्ट्राटेक इन्जिनियरिङ्ग सोलुसन प्रा.लि.द्वारा गरिएको कालीगण्डकी नदीबाट दिगो रुपमा ढुङ्गा, गिट्टी र बालुवा उत्खनन तथा संकलन कार्यको लागि तयार गरिएको प्रारम्भिक वातावारणीय अध्ययन (IEE) अध्ययन प्रतिवेदन माथि छलफल गरी स्वीकृत गर्ने निर्णय गरियो साथै रामपुर नगरपालिका वडा नं. १० स्थित बर्दीखोलाघाट र वडा नं.८ स्थित अम्दाहाघाट नियमानुसार राजस्व लिने गरी वडा कार्यालय तथा इलाका प्रहरी कार्यालयसँग समन्वय गर्ने गरी नगर प्रहरीको निगरानीमा उक्त कार्य गर्ने निर्णय गरिएको ।

२. रामपुर नगरपालिका नगर सभाको १६ औ अधिवेशनबाट रकमान्तर र शीर्षकान्तर भएका योजनाहरुको कार्यान्वयन सम्बन्धमा माघ २५ गते सम्म उपभोक्ता समिति गठन माघ मसान्त सम्म योजना इस्टिमेट सम्पन्न र फागुन १० गते सम्म योजना सम्झौता कार्य सम्पन्न गर्ने गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

३. 'अध्ययन अवलोकन भ्रमण' भन्ने वित्तिकै घुम्ने काम वा घुमाई भन्ने बुझिन्छ । कुनै नयाँ स्थानमा गएर नयाँ नयाँ अनुभवहरु सँगाल्ने र त्यस क्षेत्रमा भए गरेका सकरात्मक कार्यहरु र अनुभवहरु बारे सिक्ने तथा त्यस अनुरुप व्यवहारिक रुपमा लागू गर्नका लागि सक्षम बन्न सक्ने वातावरण अध्ययन अवलोन भ्रमणले सिर्जना गर्ने गर्दछ । सोही कुरालाई मध्यनजर गरी अध्ययन अवलोन भ्रमणको लागि यस रामपुर नगरपालिका अन्तर्गतका वडा सदस्यज्यूहरु, जनप्रतिनिधिज्यू र कर्मचारीहरु अध्ययन अवलोकन भ्रमण मिति २०८१/१०/१६ गते देखि मिति २०८१/१०/२१ गते सम्म पश्चिम नेपालका विभिन्न स्थानमा जाने भनी निर्णय गरिएकोमा चाँदनी दोधारा, टनकपुर, टिकापुर पार्क, काकेबिहार, बुलबुले ताल, धरमपानी, हिलेरी, स्वर्गद्वारी लगायतका विभिन्न स्थानमा भ्रमण गरिएको ।

४. रामपुर नगरपालिका अन्तर्गत किसानबारी-बहखोला-बेलडाँडा बाटोको सडकको मापदण्ड १४ मी. हुने गरी निर्धारण गर्ने निर्णय गरियो ।

५. श्री निम्वार्क निकुञ्ज राधाकृष्ण मन्दिर, चापकोट न.पा-८ को च.नं. ०२२, पत्र संख्या २०८१/०८२, मिति २०८१/१०/१२ गतेको पत्रानुसार उक्त मन्दिरमा मिति २०८१/०८/२२ गते दखी २०८१/०८/३० गते सम्म संचालित श्रीमद् भागवत धन धान्याञ्चल सप्ताह ज्ञान महायज्ञमा रामपुर नगरपालिको तर्फबाट महायज्ञ सफलताको शुभकामना सहित मन्दिरको विकासको लागि रु १,००,०००/-(रु एक लाख) रुपैया सहयोगको लागि उक्त मन्दिरका सचिव राजु भट्टराईले सहयोगका लागि निवेदन पेस गरेकोमा पर्यटन महोत्सव संचालन तथा एतिहासिक पौराणीक र पुरातात्विक धार्मिक स्थलहरुको संरक्षण र प्रवर्द्धन शीर्षकबाट कट्टा हुने गरी रु १,००,०००/-(रु एक लाख) उपलब्ध गराउने निर्णय गरियो ।

६. विवेक एण्ड कुवेर जे.भी. वालिङ-५, स्याङ्गजाको मिति २०८१/१०/०९ गतेको पत्रानुसार ठेक्का नं. UDBOP-NCB-work—080/081-36 को निर्माण कार्यको लागि आवश्यक पर्ने निर्माण सामाग्री (ढुंगा, ग्रावेल, बालुवा) यस नगरपालिकाबाट निर्णय भएको घाट(खयरबोट)बाट उक्त कम्पनीले राजस्व दाखिला गरी निकासी गरिएको १००० घ.मी. निर्माण सामाग्री(पागो) गुणस्तरीय नभएको र निर्माणका लागि प्रयोग गर्न योग्य नभएको भनी ल्याब रिपोर्ट पेस गरी उक्त कम्पनीलाई चाहिने निर्माण सामाग्री पुन अन्य घाटबाट ५००० घ.मी. सहजीकरण गरिदिनुहुन भनी निवेदन पेस गरेकोले प्रारम्भिक वातावरणीय अध्ययन(IEE) भई ठेक्का प्रक्रिया मार्फत यस कार्यालय र निर्माण व्यवसायी मोबाइल निर्माण सेवा बिच सम्झौता भएको मठारघाटबाट १५०० घ.मी. र यस कार्यालय र निर्माण व्यवसायी गह्रौकालि कन्स्ट्रक्सन प्रा.लि. बिच सम्झौता भएको भलायटारघाटबाट ३५०० घ.मी. ढुङ्गा, गिट्टी, बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ को दफा ४ को उपदफा ४ बमोजिम तथा प्रारम्भिक वातावरणीय अध्ययन(IEE) प्रतिवेदनको विषय सूचीको बुदा नं.२ र २.५.१(२,४) मा उल्लेख भएको नियम अनुसार सार्वजनिक विकास निर्माणको लागि हेभी मेसिन प्रयोग गरी ईलाका प्रशासन कार्यालय, ईलाका प्रहरी कार्यालयको समन्वयमा नगर प्रहरी तथा वडा कार्यालयको रेखदेखमा प्रयोग गर्न अनुमति दिने निर्णय गरिएको ।

७. विभिन्न शीर्षकहरुबाट विभिन्न आर्थिक सहयोग गरिएको ।

८. रामपुर नगरपालिकामा रहेका कुल २५९ वटा प्रा.वि दरबन्दीमध्ये ६ वटा दरबन्दी बढी भएको र उक्त दरबन्दी मिलान गर्नुपर्ने शिक्षा विकास तथा समन्वय इकाई तानसेन बाट प्राप्त सुचना अनुसार हाललाई तपसिल अनुसारका विद्यालयका तपसिलका दरबन्दी रिक्त राखी मिलान गर्ने र शैक्षिक सत्रको अन्त्यमा नगरपालिका भित्र आन्तरिक मिलान गरि विद्यार्थी संख्या कम भएका विद्यालयको दरबन्दी हेरफेर गरि हाल रिक्त भएका विद्यालयमा मिलान गर्ने निर्णय गरिएको ।

| क्र.स. | दरबन्दी रिक्त भएका विद्यालय | रिक्त दरबन्दी संख्या |
|---|---|---|
| १ | श्री गंगा माध्यमिक विद्यालय रामपुर-८,पाल्पा | २ |
| २ | श्री दरैठाटी माध्यमिक विद्यालय रामपुर-६,पाल्पा | १ |
| ३ | श्री रामपुर आधारभुत विद्यालय रामपुर-५,पाल्पा | १ |
| ४ | श्री भानुभक्त माध्यमिक विद्यालय रामपुर-९,पाल्पा | १ |
| ५ | श्री जनविकास माध्यमिक विद्यालय रामपुर-३,पाल्पा | १ |

CamScanner

२. निर्णय नं. २, प्रस्ताव नं. २ माथि छलफल गर्दा राष्ट्रिय योजना आयोग, सिंहदरबार, काठमाडौंको प्रदेश सरकार र स्थानीय तहमा आ.व. २०८२/८३ का लागि संघीय समपूरक अनुदान तथा संघीय विशेष अनुदान अन्तर्गत सञ्चालन गरिने आयोजना/कार्यक्रमका लागि प्रस्ताव आह्वान सम्बन्धी सूचना बमोजिम यस नगरपालिका अन्तर्गत देहायबमोजिमका आयोजना/कार्यक्रमहरु छनोट गरि पठाउने निर्णय गरियो ।

क) समपुरक अनुदान

१. कालीगण्डकी ट्रेकिङ तथा साइकलिङ कोरिडोर निर्माण रामपुर खण्ड (क्रमागत)

२. वडा कार्यालय भवन निर्माण (वडा नं. २,४,६,९)

३. रामपुर नगरपालिका वडा नं. ३ जाने अधुरो मो.बा निर्माण

४. शहरी स्वास्थ्य केन्द्र भवन निर्माण (वडा नं. १ र १०)

ख) विशेष अनुदान

१. रामपुर नगरपालिकाद्धारा सञ्चालित आयुर्वेद अस्पताललाई उपकरण खरिद

२. जन कल्याण, सिताराम र आधारभुत मा.वि भवन निर्माण तथा व्यवस्थापन

३. कृषि उपज संकलन तथा बिक्री केन्द्र निर्माण

३ . निर्णय नं. ३, प्रस्ताव नं. ३ माथि छलफल गर्दा मगर समुदायको बाहुल्यता रहेको यस नगरपालिकामा ४३ औ राष्ट्रिय मगर एकता दिवसको अवसरमा मिति २०८१/११/१५ गते नगरपालिका मातहतका सम्पूर्ण कार्यालयहरु, शिक्षण संस्था, स्वास्थ्य संस्था र अन्य सार्वजनिक संघ संस्थाहरुमा सार्वजनिक बिदा दिने निर्णय गरियो ।

४. निर्णय नं. ४, प्रस्ताव नं. ४ माथि छलफल गर्दा रामपुर नगरपालिका ९ नं. वडा कार्यालय, रामपुर, पाल्पाको च.नं. ४१७, प.सं. ०८१/८२, मिति २०८१/११/०५ को पत्रानुसार उक्त कार्यालयमा प्राप्त पत्र अनुसार साविक खालिवन गा.वि.स. हाल रामपुर न.पा. ९ जब्गादीमा रहको खालिवन अतिरिक्त हुलाक कार्यालयको लागि १ (एक) वटा कोठा कार्यालय संचालनको लागि व्यवस्था मिलाइदिनुहुन भनी लेखि आएकोमा घरभाडा(नगरपालिका/वडा कार्यालय तर्फ सम्झौताका आधारमा) शिर्षकबाट कट्टा हुने गरी मासिक रुपमा रु ५०० (पाँच सय मात्र) भुक्तानी गरिदिने निर्णय गरियो ।

५. निर्णय नं. ५, प्रस्ताव नं. ४ माथि छलफल गर्दा छलफल गर्दा तपसिल बमोजिमको विवरण भएका व्यक्तिलाई तपसिल बमोजिमको शिर्षकबाट कट्टा हुने गरी सहयोग गर्ने निर्णय गरियो ।

तपसिल

| क्र.सं. | नामथर | वडा नं. | विवरण | राहत लिएको रकम | शिर्षक |
|---|---|---|---|---|---|
| १ | गिरिराज पाठक | रा.न.पा-१० | रामपुर नगरपालिका वडा नं. १०अन्तर्गत झम्माखोलाको कुडुले कुलाको बाँध अश्विन महिनाको अविरल वर्षाको कारणले छेद विच्छेद भएको हुदा मर्मत गर्नका लागि आवश्यक रकम | रु २५,०००/- (रु पच्चिस हजार मात्र) | विपद व्यवस्थापन कोष |
| २ | धनि कुमारी वि.क. | रा.न.पा-८ | निजको छोरा अमर सिं. वि.क. को दिर्घ रोगका कारण उपचाररत रहेको | रु ८,०००/- (रु आठ हजार मात्र) | विपद व्यवस्थापन कोष |
| ३ | बुद्धि बहादुर खन्गाहा | रा.न.पा-९ | निजको बुबा शेर बहादुर खन्गाहा दुवै मृगौला फेल भई दयनीय अवस्थामा रहेको | रु १५,०००/- (रु पन्ध्र हजार मात्र) | विपद व्यवस्थापन कोष |
| ४ | अनिसरा सार्की | रा.न.पा-४ | निजको श्रीमान खेम बहादुर सार्कीको लडेर चोटपटक लागेको | रु १२,०००/- (रु बाह्र हजार मात्र) | विपद व्यवस्थापन कोष |
| ५ | गायत्री नेपाली(सार्की) | रा.न.पा-२ | घर नजिकै बारीमा रहेको परालको टेवामा आगलागी | रु ८,०००/- (रु आठ हजार मात्र) | विपद व्यवस्थापन कोष |

६. निर्णय नं. ६, प्रस्ताव नं. ४ माथि छलफल गर्दा मिति २०८१/१०/२८ गते बसेको युवा स्वरोजगार संचालन समितिले यस कार्यपालिका बैठकमा पेश गरेको तपसिल बमोजिमका प्रस्तावहरुको कार्यान्वयन गर्ने गरी निर्णय गरियो ।

CS CamScanner

क) परिच्छेद ५ को दफा "क" (१) मा ब्यबस्था भएको "व्यक्ति वा समूहले यसै रामपुर नगरपालिका भित्र सेवा प्रवाह गरिरहेका बैंक मार्फत बढीमा ३० लाखसम्म कर्जा लिन सक्ने छन्  भन्ने व्यवस्था रहेकोमा "व्यक्ति वा समूहले यसै रामपुर नगरपालिका भित्र सेवा प्रवाह गरिरहेका बैंक वा रामपुर नगरपालिका भित्र सेवा प्रवाह गरिरहेका बैंकको सहमतिमा नगर क्षेत्र वाहिरका बैंक शाखा मार्फत बढीमा ३० लाखसम्म कर्जा लिन सक्ने छन्  "भन्ने व्यहोरा राख्ने ।

ख) किसान सूचीकरण कार्यक्रमको माध्यमबाट किसानको पहिचान गरि सरकारी तबरबाट किसानहरुलाई उपलब्ध गराइने सेवा सुबिधा तथा विकास योजना संग आवद्ध गर्न किसानहरुको आबश्यक विवरणहरु बिधुतिय प्रणाली मार्फत संकलन गरि किसान परिचयपत्र प्रदान गर्न यस रामपुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, रामपुर पाल्पामा गत आ.व.२०७८/०७९ र आ.व.२०७९/८० गरि किसान सूचीकरण सहजकर्ता वा कृषक मार्फत प्रविष्ट किसानहरुको आबश्यक विवरणहरु बिधुतिय प्रणाली मार्फत वडा गत रुपमा देहाय बमोजिम प्राप्त भएको ।

- वडा नं.१-४१६ जना कृषक
- वडा नं.२-३८९ जना कृषक
- वडा नं.३-६२९ जना कृषक
- वडा नं.४-८०६ जना कृषक
- वडा नं.५-६४४ जना कृषक
- वडा नं.६-६२८ जना कृषक
- वडा नं.७-४७९ जना कृषक
- वडा नं.८-६८३ जना कृषक
- वडा नं.९-३३९ जना कृषक
- वडा नं.१०-७१० जना कृषक

ग) किसान सूचीकरण कार्यक्रमको माध्यमबाट किसानको पहिचान गरि सरकारी तबरबाट किसानहरुलाई उपलब्ध गराइने सेवा सुबिधा तथा विकास योजना संग आवद्ध गर्न किसानहरुको आबश्यक विवरणहरु बिधुतिय प्रणाली मार्फत संकलन गरि किसान परिचयपत्र प्रदान गर्न यस रामपुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, रामपुर पाल्पामा गत आ.व.२०७८/०७९ र आ.व.२०७९/८० मा संकलित तथ्यांक वडा समिति द्वारा अभिलेख प्रमाणीकरण गर्ने/गराउन किसान सूचीकरण कार्यक्रम कार्यान्वयन विधि, २०७७ परिच्छेद २ दफा ६ उपदफा २ बमोजिम कार्यक्रम कार्यान्वयन तथा समन्वय सम्पर्क ब्यक्ति कृषि शाखामा कार्यरत श्री युवराज नेपालीलाई तोक्ने सोहि अनुसार कामकाज गर्न पत्राचार गरिएको ।

CamScanner

घ) किसान सूचीकरण सहजकर्ता वा कृषक मार्फत प्रविष्ट गरिएका रामपुर नगरपालिका किसान सुचीकरण सफ्टवेरमा प्रविष्ट भएको/देखिएको कृषकहरुको विवरण अभिलेख प्रमाणीकरण किसान सूचीकरण कार्यक्रम कार्यान्वयन विधि, २०७७ को परिच्छेद ३ मा प्रमाणिकरण सम्बन्धी ब्यवस्थामा सम्बन्धित स्थानीय तहको वडा समिति मार्फत सम्बन्धित वडाको कृषकहरुको विवरण अभिलेख प्रमाणीकरण व्यवस्था बमोजिम अभिलेख प्रमाणीकरण यस पालिकाको सवै वडा समितिलाई कृषकहरुको विवरण सहित प्रमाणीतको लागी पत्राचार गरि रामपुर नगरपालिका वडा नं.१०, ९, ८, ७, ६, ५, ४, २ मा वडा समितिले प्रकाशन गरेको १५ दिने दावि विरोध सूचनामा गरिएको तथा उक्त समयमा कुनै निवेदन पेश हुन नआएकोले प्रमाणीकरण प्रक्रिया अगाडि बढाउने निर्णय गरिएको।

ङ) प्रस्तुत बिषयमा यस रामपुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, रामपुर, पाल्पाको आ.व. २०७८/०७९ र २०७९/०८० मा किसान सूचीकरण कार्यक्रम अन्तर्गत किसान सुचिकरण ,किन, किसान सुचिकरण बाट हुने फाईदाहरु रामपुर नगरपालिकामा किसान सुचिकरणको अवस्था बारे जानकारी दिन, प्रचार प्रसार गर्न, साथै किसान सूचीकरण सहजकर्ता मार्फत प्रविष्ट गरिएका रामपुर नगरपालका किसान सुचीकरण सफ्टवेरमा प्रविष्ट भएको कृषकहरुको विवरण लगईन गरि हेर्ने/विवरण सच्याउने/विवरण थप्ने लगायत जस्ता कार्य गर्नको लागि कृषकहरुलाई रामपुर नगरपालिकाको वडा नं.६,७,८,९,१० मा वटा वडामा किसान सूचीकरण कार्यक्रम सम्बन्धी अभिमुखिकरण कार्यक्रम संचालन गरिएको।

च) किसान सुचिकरण प्रणाली व्यवस्थापन तथा संचालन निर्देशिका, २०८१ अनुसूची १ को (ङ) मा किसान सूचना प्रणालीको लागि सम्पर्क अधिकृत(कर्मचारी) तोक्ने व्यवस्था भएबमोजिम यस कार्यालयका कृषि अधिकृत नारायण प्रसाद गैरेलाई कार्यविधि र निर्देशिकाको मापदण्डमा रही कामकाज गर्ने गरी जिम्मेवारी दिने निर्णय गरियो ।

७. निर्णय नं. ७, प्रस्ताव नं. ४ माथि छलफल गर्दा रामपुर नगरपालिका अन्तर्गत वडा नं. १ मा गाँडाकोट स्वास्थ्य चौकी र वडा नं. १० मा गेझा स्वास्थ्य चौकीमा मार्फत एम्बुलेन्स सेवा संचालन गरिएकोमा उक्त एम्बुलेन्सहरु संचालन गर्दा हालसम्म भएको आम्दानी र खर्चको विवरण माग गर्ने भनी निर्णय गरियो ।

८. निर्णय नं. ८, प्रस्ताव नं. ४ माथि छलफल गर्दा रामपुर नगरपालिका, ७ नं. वडा कार्यालयको च.नं. ७५५, पत्र संख्या २०८१/०८२, मिति २०८१/११/०५ गतेको पत्रानुसार रामपुर नगरपालिका वडा नं. ७ स्थित तपसिल बमोजिमका जग्गाहरु लिजमा लिनका लागि आवश्यक प्रक्रियामा लैजानका लागि आवश्यक सहयोग गरिदिनुहुन भनि लेखी आएको हुँदा तपसिल बमोजिमका जग्गाहरुलाई लिजमा लैजाने प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

Shagun

CS CamScanner

तपसिलः

१. शहिद बहुमुखि क्याम्पस रहेको स्थानको कि.नं.२९३ जग्गा लिज सम्बन्धमा,

२. रामपुर नगरपालिकाको ७ नं. वडा कार्यालय संचालन रहेको जग्गा प्लट नं. २१६ को जग्गा लिज सम्बन्धमा,

३. धर्मोदय दशावतार वालन साँस्कृतिक समुह दशधाम निर्माण स्थलको जग्गा लिज सम्वन्धमा,

४. आधारभुत स्वास्थ्य केन्द्र विरेन्द्रटारको जग्गा प्लट नं. २१६ को जग्गा लिज सम्वन्धमा,

५. रामपुर कबर्डहल रा.न.पा. ७ को जग्गा सम्बन्धमा,

६. आधारभुत मा.वि. को जग्गा सम्बन्धमा,

७. औधोगिक ग्रामको जग्गा व्यवस्थापन सम्बन्धमा।

९. निर्णय नं. ९, प्रस्ताव नं. ४ माथि छलफल गर्दा संघीय सडक डिभिजन पाल्पाको प.सं. ०८१/०८२, च.नं. ६७८, मिति २०८१/१०/३० गतेको पत्रानुसार उक्त कार्यालय र M/S Elite-SBA J/V, Kapan Kathmandu बीच ठेक्का सम्झौता भई निर्माणाधीन सडक ठेक्का नं-44-KRRD-650-067/068, Construction of Motorable Truss Bridge over Kaligandaki River at Rampur(Palpa)-Damachaur(Shyangja) को निर्माणका लागि खोला Divert गरी निर्माण कार्य गर्नुपर्ने भएकोले निर्माण व्यवसायीको मिति २०८१/१०/२८ गतेको पत्रानुसार माग भए बमोजिमको खोला Divert गर्नका लागि आवश्यक निर्माण सामग्री निर्माण स्थलमा उपलब्ध नभएकोले निर्माण स्थलको नजिकैको खानीबाट निर्माण सामग्री उपलब्ध गराउन सहजीकरण गरिदिनुहुन भनी लेखी आएकोमा उक्त पुल निर्माण गर्नका लागि तयार पारिएको प्रारम्भिक वातावरणीय अध्ययन(IEE) मा उल्लेख भएको क्षेत्र भित्रबाट नियमानुसार मापदण्ड पुरा गरी उक्त कार्य गर्नका लागि आवश्यक सहजीकरण गर्ने निर्णय गरियो ।

०. निर्णय नं. १०, प्रस्ताव नं. ४ माथि छलफल गर्दा अमर कन्स्ट्रक्सन प्रा.लि.को मिति २०८१/११/०३ गतेको पत्रानुसार गल्याङ चापाकोट सडक स्तरोन्ती CONTRACTID:IDOSYANGJA/NCB/W/R/०५३/०८०-८१ परियोजनामा निर्माण सामग्रीको अत्यावश्यक अभावको समस्या जानकारी भएको र निर्माण कार्यमा आवश्यक ढुंगा, गिट्टी, सबबेस र बेस सामग्रीको अभावले गर्दा परियोजनाको कार्यान्वयनमा गम्भीर अवरोध उत्पन्न भएको छ, फलस्वरूप, ग्याबियन म्यासोनरी, सबग्रेड तयारी, र बेस कोर्स बिछ्याउने कार्य अवरुद्ध भएकोले परियोजनाको समयमै सम्पन्न हुने लक्ष्य प्रभावित भएको जसले ढिलाइ हुनुका साथै वित्तीय क्षतिसमेत निम्त्याउने सम्भावना बढाएको र सामग्रीको प्रमुख स्रोत पहिचान गरे तापनि चापाकोट नगरपालिका को सम्पास घाटबाट पर्याप्त नदिजन्य निर्माण सामग्री उपलब्ध नभएको कारण रामपुर नगरपालिका को वार्ड न १० कुमालगाउ बौडीघाट अथवा

Shagun

बर्दीघाटबाट हाललाई आवश्यक पर्ने निर्माण जन्य सामग्री ढुंगा गिट्टी बालुवा बेस सबबेस गरी १२०० घनमिटर नियमअनुसारको राजस्व बुझी समस्याको समाधानको लागि कार्यालयबाट सहयोग गरिदिनुहुन भनी लेखी आएकोमा १० औ कार्यपालिका बैठकमा छलफल हुँदा नियमानुसार राजस्व बुझाउने गरी ढुङ्गा, गिट्टी, बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ को दफा ४ को उपदफा ४ बमोजिम तथा प्रारम्भिक वातावरणीय अध्ययन(IEE) प्रतिवेदनको बिषय सूचीको बुदा नं.२ र २.५.१(२,४) मा उल्लेख भएको नियम अनुसार सार्वजनिक विकास निर्माणको लागि हेभी मेसिन प्रयोग गरी सम्बन्धित वडा कार्यालय र ईलाका प्रहरी कार्यालयसँग समन्वयमा प्रारम्भिक वातावरणीय अध्ययन प्रतिवेदन (IEE) अनुसार बौडीघाटबाट प्रयोग गर्ने साथै रामपुर नगरपालिकाका नगर प्रहरीको निगरानीमा उक्त कार्य गर्न अनुमति दिने निर्णय गरियो ।

११. निर्णय नं. ११, प्रस्ताव नं. ४ माथि छलफल गर्दा सहयोगी कन्ट्रयाक्टर्स एण्ड ट्रेडिङ कम्पनी प्रा.लि.को मिति २०८१/११/०४ गतेको पत्रानुसार रामपुर नगरपालिका वडा नं. ५ रामघाटमा सडक पूर्वाधार विकास कार्यालय तानसेन, पाल्पाबाट आर्थिक वर्ष ०८१/०८२ को लागि रामघाट क्षेत्रमा ढुङ्गा छाप्नको लागि परेको रु १२,००,०००/-(रु बाह्र लाख) को काम गर्नको लागि आवश्यक पर्ने ढुङ्गा १६ ट्र्याक्टर, गिट्टी १० ट्रिप र बालुवा ४ ट्रिप गरी जम्मा ३० ट्रिप निर्माण सामग्री उपलब्ध गराई निर्माण कार्यमा सहयोग गरिदिनुहुन भनी लेखी आएकोले १० औ कार्यपालिका बैठकमा छलफल हुँदा नियमानुसार राजस्व बुझाउने गरी सम्बन्धित वडा कार्यालय र ईलाका प्रहरी कार्यालयसँग समन्वयमा प्रारम्भिक वातावरणीय अध्ययन प्रतिवेदन (IEE) अनुसार रामघाट (कोप्चेघाट) बाट प्रयोग गर्ने तथा रामपुर नगरपालिकाका नगर प्रहरीको निगरानीमा उक्त कार्य गर्न अनुमति दिने निर्णय गरियो ।

१२. निर्णय नं. १२, प्रस्ताव नं. ४ माथि छलफल गर्दा श्री लक्ष्मी नारायण गुठी सञ्चालन संस्थाको च.नं. ३९/०८१, मिति २०८१/११/०४ गतेको पत्रानुसार पाल्पा जिल्ला रामपुर नगरपालिकाबाट सञ्चालन गरिने ज्येष्ठ नागरिक स्कुल व्यवस्थापन उपभोक्ता समितिबाट कार्य गर्नको लागि आवश्यक पर्ने करिव १२ ट्रिप गिटि, ढुङ्गा, बालुवा रामघाटबाटै उपलब्ध गराई सहयोग गरिदिनुहुन भनी लेखी आएकोमा १० औ कार्यपालिका बैठकमा छलफल हुँदा नियमानुसार राजस्व बुझाउने गरी सम्बन्धित वडा कार्यालय र ईलाका प्रहरी कार्यालयसँग समन्वयमा प्रारम्भिक वातावरणीय अध्ययन प्रतिवेदन (IEE) अनुसार रामघाट (कोप्चेघाट) बाट प्रयोग गर्ने तथा रामपुर नगरपालिकाका नगर प्रहरीको निगरानीमा उक्त कार्य गर्न अनुमति दिने निर्णय गरियो ।

१३. निर्णय नं. १३, प्रस्ताव नं. ४ माथि छलफल गर्दा NIVIL-SHRINKHALA-KUSHAL JOINT VENTURE ले पेश गरेको निवेदन अनुसार यस कार्यालयको ठेक्का नं. RMO/WORK/NCB/19/081/082 Construction Work of Kaligandaki Traking and cycling trail Rampur Municipality ( नगर गौरवको

Shagun

CamScanner

आयोजनालाई आवश्यक पर्ने गिटी, बालुवा, ढुङ्गा (BOQ अनुसार) उपलब्ध गराईदिनुहुन भनी लेखि आएकोमा १० औ कार्यपालिका बैठकमा छलफल हुँदा नियमानुसार राजस्व बुझाउने गरी सम्बन्धित वडा कार्यालय र ईलाका प्रहरी कार्यालयसँग समन्वयमा प्रारम्भिक वातावरणीय अध्ययन प्रतिवेदन (IEE) अनुसार उक्त निर्माण कार्य हुने क्षेत्रमा पर्ने रामघाट(कोप्चेघाट), वडभानघाट, केलादीघाटबाट प्रयोग गर्ने तथा रामपुर नगरपालिकाका नगर प्रहरीको निगरानीमा उक्त कार्य गर्न अनुमति दिने निर्णय गरियो ।

१४. निर्णय नं. १४, प्रस्ताव नं. ४ माथि छलफल गर्दा सक्षम मनकामना कन्सट्रक्सन प्रा.लि. को च.नं. १३, प.सं. २०८१/२०८२, मिति २०८१/११/०४ गतेको पत्रानुसार यस नगरपालिकाको ठेक्का नं. RMO/WORK/NCB/13/081/082 को लागि आवश्यक सम्पूर्ण मेटरियल नजिकको स्थानबाट उपलब्ध गराइदिनुहुन भनी लेखि आएकोमा १० औ कार्यपालिका बैठकमा छलफल हुँदा नियमानुसार राजस्व बुझाउने गरी सम्बन्धित वडा कार्यालय र ईलाका प्रहरी कार्यालयसँग समन्वयमा प्रारम्भिक वातावरणीय अध्ययन प्रतिवेदन (IEE) अनुसार खयरबोटघाट तथा पायक पर्ने नजिकको घाटबाट प्रयोग गर्ने तथा रामपुर नगरपालिकाका नगर प्रहरीको निगरानीमा उक्त कार्य गर्न अनुमति दिने निर्णय गरियो ।

१५. निर्णय नं. १५, प्रस्ताव नं. ४ माथि छलफल गर्दा कस्यप निर्माण सेवा एण्ड सप्लायर्स प्रा.लि.को मिति २०८१/११/०४ गतेको पत्रानुसार सडक डिभिजन कार्यालय, पाल्पा कार्यालयको ठेक्का नं. DROPLP/३३७०११७६/०७९/८०/०२/Re (Roadway Excavation, Structural Works and Bituminous Pavement works on Keladi - Panthe-Sahalkot - Jhyalbas Road) को लागि आवश्यक पर्ने नदिजन्य सामाग्री जस्तैः ढुंगा, गिट्टी, वालुवा र ग्रावेल यस प्रोजेक्टलाइ आवश्यक पर्ने १५००० घ. मि. मध्ये हाललाई ३५०० घ. मि. आवश्यक भएको हुँदा श्रीमान समक्ष प्रोजेक्ट क्षेत्र नजिकको घाटबाट निकासीको लागि यथाशिघ्र आवश्यक पहल गरिदिनु साथै शेरा पहिरो सफा गर्दा निस्दी खोलामा खसेको ढुङ्गा तथा ग्रावेल निकाल्नको लागि पनि आवश्यक पहल गरिदिनुहुन भनि लेखी आएकोमा १० औ कार्यपालिका बैठकमा छलफल हुँदा नियमानुसार राजस्व बुझाउने गरी ढुङ्गा, गिट्टी, बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ को दफा ४ को उपदफा ४ बमोजिम तथा प्रारम्भिक वातावरणीय अध्ययन(IEE) प्रतिवेदनको बिषय सूचीको बुदा नं.२ र २.५.१(२,४) मा उल्लेख भएको नियम अनुसार सार्वजनिक विकास निर्माणको लागि हेभी मेसिन प्रयोग गरी खयरबोटघाट प्रयोग गर्ने तथा सम्बन्धित वडा कार्यालय, ईलाका प्रशासन कार्यालय, ईलाका प्रहरी कार्यालयको समन्वयमा नगर प्रहरी तथा वडा कार्यालयको रेखदेखमा प्रयोग गर्न अनुमति दिने निर्णय गरियो ।

नं. १६, प्रस्ताव नं. ४ माथि छलफल गर्दा ८ नं. वडा कार्यालय, रामपुर, पाल्पाको च.नं. ९८७, २०८१/०८२, मिति २०८१/११/०४ गतेको पत्रानुसार पाल्पा जिल्ला रामपुर नगरपालिका वडा अन्तर्गत तपसिलका अधुरो खानेपानी आयोजना सम्पन्न गर्नको लागि अति आवश्यक भएको हुँदा योजना आयोगको कार्यालयमा सिफारिस गरिदिनुहुन भनि लेखि आएकोमा यस १० औ कार्यपालिका मा छलफल हुँदा तपसिल बमोजिमका योजनाहरु राष्ट्रिय योजना आयोग सिंहदरबार, काठमाडौंमा रेस गर्ने निर्णय गरियो ।

ल:

ानीबास खानेपानी आयोजना, रामपुर-८ रानीबास, पाल्पा ।
ामपुर-८ डिपबोरिङ्ग, रामपुर-८, पाल्पा ।
भुजात निसर्दी खानेपानी आयोजना, रामपुर-८, पाल्पा ।
झर्लेङ्गदी खानेपानी आयोजना, रामपुर-८, पाल्पा ।

नेर्णय नं. १७, प्रस्ताव नं. ४ माथि छलफल गर्दा नगरस्तरीय मर्मत शीर्षकबाट खर्च हुने गरी रामपुर ागरपालिका वडा नं. १० अन्तर्गत भल्लेनी खोल्सा ग्याविन जाली, राहुडाँडा योजनाको लागि रु ३,००,०००/-(रु तीन लाख) विनियोजन गर्ने निर्णय गरियो ।

निर्णय नं. १८, प्रस्ताव नं. ४ माथि छलफल गर्दा Gajendra/BKB JV, Waling-5, Syangja को मिति २०८१/११/०१ गतेको पत्रानुसार उक्त कम्पनीले यस नगरपालिकासँग सम्झौता गरी निर्माण कार्य गरिरहेकोमा उक्त निर्माण कार्य कार्यान्वयन गर्नका लागि निर्माणजन्य सामग्री अपुग भएकोले २००० घ.मी. निर्माणजन्य सामग्री माग गरेकोमा १० औ कार्यपालिका बैठकमा छलफल हुँदा नियमानुसार ढुङ्गा, गिट्टी, बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ को दफा ४ को उपदफा ५ बमोजिम तथा प्रारम्भिक वातावरणीय अध्ययन(IEE) प्रतिवेदनको विषय सूचीको बुदा नं.२ र २.५.१(२,४) मा उल्लेख भएको नियम अनुसार सार्वजनिक विकास निर्माणको लागि हेभी मेसिन प्रयोग री भलायटारघाट २००० घ.मी.प्रयोग गर्ने तथा सम्बन्धित वडा कार्यालय, ईलाका प्रशासन कार्यालय, लाका प्रहरी कार्यालयको समन्वयमा नगर प्रहरी तथा वडा कार्यालयको रेखदेखमा सुर्योदय देखि र्यास्तसम्म उक्त कार्य गर्न अनुमति दिने निर्णय गरियो । साथै उक्त निर्माणजन्य सामग्री सपना निर्माण ाको रामपुर नगरपालिका वडा नं. १० को पक्की पुलमा रहेको क्रसरमा बेस कुटानीको लागि जीकरण गर्ने निर्णय गरियो ।

.निर्णय नं. १९, प्रस्ताव नं. ४ माथि छलफल गर्दा आ.व. २०८१/०८२ मा यस रामपुर नगरपालिका अन्तर्गत निर्माण सम्पन्न भएका देहाय बमोजिमको योजनामा थप निर्माण कार्य गर्न आवश्यक देखिएको हुँदा थप काम छोटो समयमै सम्पन्न गर्नुपर्ने हुँदा सार्वजनिक खरिद ऐन, २०६३ साथै सार्वजनिक खरिद नियमावली २०६४ को मापदण्ड पुरा गरी तपसिल बमोजिमको योजना अघि बढाउने निर्णय गरियो ।

तपसिलः

| क्र.सं. | योजनाको नाम | विनियोजन शीर्षक | थप निर्माण कार्यको लागि बाँकी रहेको विनियोजित रकम |
|---|---|---|---|
| १ | पाल्पा जिल्ला रा.न.पा-३ केलादी मन्दिरबाट आँप बँगैचा हुँदै राताढिक सडक स्तरोन्नति | संघीय सरकारबाट हस्तान्तरित सःशर्त अनुदान पूँजीगत | रु १० लाख |
| २ | दरैठाँटी मा.वि. नमुना विद्यालय कार्यक्रम(अधुरो काम) | रामपुर नगरपालिका | रु १० लाख |

२०. निर्णय नं. २०, प्रस्ताव नं. ४ माथि छलफल गर्दा रामपुर नगरपालिका द्वारा निर्माण भएको शित भण्डार/चिस्यान केन्द्र संचालनको वर्षको व्यवस्थापकीय जिम्मेवारी मिति २०८०/११/२२ गते देखि श्री सूर्योदय कृषि सहकारी संस्था लि रामपुर, पाल्पालाई दिईएकोमा उक्त म्याद मिति २०८१/११/२१ गते समाप्त हुने भएकोले सो मिति पश्चात पुनःसञ्चालन गर्नका लागि मिति २०८१/११/१९ गते देखि लागू हुने गरि १ हप्ते सूचना प्रकाशन गरिएको ।

CamScanner

२१. निर्णय नं. २१, प्रस्ताव नं. ४ माथि छलफल गर्दा रामपुर नगरपालिका, ८ नं. वडा कार्यालयको च.नं. ९३३, प.सं. २०८१/०८२, मिति २०८१/१०/२९ गतेको पत्रानुसार कुम्राङ्ग खानेपानी तथा सरसफाई उपभोक्ता समितिको एक घर एक धारा अवधारणा कार्यक्रम अन्तर्गत खानेपानीको लागि सिफारिस पाँउ भनि निवेदन पेश भएकोमा जाँचबुझ गर्दा माग मुनासिब भएकोले आवश्यक बजेट विनियोजन गरिदिनुहुन भनि लेखि आएकोले नगरस्तरीय मर्मत तथा खानेपानी खर्च शीर्षकबाट कट्टा हुने गरी रु १,००,०००/- (रु एक लाख मात्र) उपलब्ध गराउने निर्णय गरियो ।

२२. निर्णय नं. २२, प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस कार्यालयमा मिति २०८०/०३/१२ गते देखी ब्याक हो लोडर पदमा कार्यरत रहेका मिलन आलेले मिति २०८१/१०/३० व्यक्तिगत कारणले गर्दा उक्त पदमा काम गर्न असमर्थ रहेको भनि राजीनामा पत्र पेश गरेकोमा निजको राजीनामा मिति २०८१/११/०१ गते देखि लागु हुने गरी स्वीकृत गरिएकोमा हाल उक्त पद रिक्त भएकोले जिल्ला दररेट पाल्पा, दररेट निर्धारण समितिले आ.व. २०८१/०८२ को लागि निर्धारण गरेको दररेटमा ज्यालादर उपलब्ध गराउने गरी दैनिक ज्यालादारीमा काम गर्ने गरी १ (एक) जनालाई खटाउने निर्णय गरियो ।

CamScanner